आज मिति २०८१ साल पौष २८ गतेका दिन आरदा नगरपालिकाका नगर प्रमुख तथा आरदा नगरपालिका नगर सभाको १६औं अधिवेशनका अध्यक्ष श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिम नगर सभा सदस्यहरूको उपस्थितिमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नगर सभा सञ्चालन कार्यविधि, २०७४ अनुसार नगरसभा अधिवेशन सञ्चालन गरियो ।

उपस्थिति

| पद | नाम थर | उपस्थिति / हस्ताक्षर | |
|---|---|---|---|
| | | २०८१।०९।२८ | २०८१।०९।२९ |
| नगर प्रमुख | श्री प्रकाश भण्डारी | | |
| नगर उप प्रमुख | श्री सुस्मिता सापकोटा | | |
| वडाध्यक्ष वडा नं. १ | श्री प्रदिप पाण्डेय | | |
| वडासदस्य " " १ | श्री आनन्द श्रेष्ठ | | |
| " " " १ | श्री बाल कृष्ण भण्डारी | | |
| " " " १ | श्री रत्नकुमारी थापा | | |
| " " " १ | श्री पार्वती वि.क. | | |
| वडाध्यक्ष वडा नं. २ | श्री सबिन हमाल | | |
| वडा सदस्य " " २ | श्री जुद्ध बहादुर खवास | | |
| वडा सदस्य " " २ | श्री मिम बहादुर रेउले | | |
| " " " २ | श्री रमा शर्मा | Ramu | Ramu |
| " " " २ | श्री मञ्जु परियार | | |
| वडाध्यक्ष वडा नं. ३ | श्री तुलसा भण्डारी | | |
| वडा सदस्य " " ३ | श्री गंगा कुमारी वली | | |
| " " " ३ | श्री मधु दाहाल श्रेष्ठ | | |
| " " " ३ | श्री विमला कुमारी खत्री | | |
| " " " ३ | श्री पदम कुमार गाहा | पन्डी | पन्डी |
| वडाध्यक्ष वडा नं. ४ | श्री किशोर कुमार हमाल | | |
| वडा सदस्य " " ४ | श्री सुरेश रावत | सुरेश | सुरेश |
| वडा सदस्य " " ४ | श्री सुरलाल शौका | | |
| " " " ४ | श्री जिता कुमारी बस्नेत | जिता | जिता |
| " " " ४ | श्री कृपा कामी | कृपा | कृपा |
| वडाध्यक्ष " " ५ | श्री प्रदिप शाही | | |

| | | | |
|---|---|---|---|
| वडा सदस्य वडा नं. ५ | श्री कुल बहादुर रेउले | | |
| ,, ५ | श्री रविन बहादुर विष्ट | रविलाल | रविलाल |
| ,, ५ | श्री उमा शाही | उमा | उमा |
| ,, ५ | श्री पुष्पा नेपाली | | |
| वडाध्यक्ष वडा नं. ६ | श्री भिम राम बुढाथोकी | | |
| वडा सदस्य ,, ६ | श्री नविन बुढाथोकी | | |
| ,, ६ | श्री खडीराम परी | ससीराम | ससीराम |
| ,, ६ | श्री इन्द्रा कुमारी डाँडा | | |
| ,, ६ | श्री चन्द्र कुमारी सार्की | पद्मा | पद्मा |
| वडाध्यक्ष वडा नं. ७ | श्री लिला बहादुर रोका | | |
| वडा सदस्य ,, ७ | श्री नन्द राम रेउले | | |
| वडा सदस्य ,, ७ | श्री प्रेम बहादुर रेउले | | |
| वडा सदस्य ,, ७ | श्री सावित्रा बुढाथोकी | | |
| ,, ७ | श्री सरिता दमाई | सरिता | सरिता |
| वडाध्यक्ष वडा नं. ८ | श्री लक्ष्मण बुढाथोकी | | |
| वडा सदस्य ,, | श्री लालाराम भण्डारी | लालाराम | लालाराम |
| वडा सदस्य ,, | श्री लुर बहादुर बुढाथोकी | | |
| वडा सदस्य ,, | श्री सोति रोका | सोती | सोती |
| वडा सदस्य ,, | श्री धनादेवी कुमारी वि.क. | धना | धना |
| वडाध्यक्ष वडा नं. ९ | श्री हेमेन्द्र कुमार बुढाथोकी | | |
| वडा सदस्य वडा नं. ९ | श्री चेत बहादुर गिरी | | |
| वडा सदस्य ,, | श्री बेद धर बुढा | | |
| ,, | श्री धनी कुमारी बोहरा | धनी | धनी |
| ,, | श्री डिलमाया वि.क. | डिलमाया | डिलमाया |
| वडाध्यक्ष वडा नं. १० | श्री कृष्ण बहादुर बोहरा | | |
| वडा सदस्य वडा नं. १० | श्री प्रेम बहादुर कवर | प्रेम | प्रेम |
| ,, १० | श्री जगेन्द्र कुमार कवर | | |
| ,, १० | श्री सिता कुमारी कवर | सिता | सिता |
| ,, १० | श्री गिता वि.क. | | |
| वडाध्यक्ष वडा नं. ११ | श्री राजेन्द्र कुमार शर्मा | | |
| वडा सदस्य वडा नं. ११ | श्री भिम बहादुर बुढाथोकी | | |
| ,, ११ | श्री सुरेन्द्र कुमार थापा | | |
| ,, ११ | श्री चोक कुमारी कवर | | |
| ,, ११ | श्री राधिका वि.क. | राधिका | राधिका |
| वडाध्यक्ष वडा नं. १२ | श्री सुरेन्द्र बुढा | | |

| | | | |
|---|---|---|---|
| वडा सदस्य वडा नं. १२ | श्री उमलाल वस्नेत | [signature] | [signature] |
| ,, — ,, — ,, १२ | श्री बालाराम वली | [signature] | [signature] |
| ,, — ,, — १२ | श्री भागवती बोहरा | [signature] | [signature] |
| ,, — ,, ,, १२ | श्री धनकला वि.क. | [signature] | [signature] |
| वडाध्यक्ष वडा नं. १३ | श्री ओम बहादुर बुढा मगर | [signature] | [signature] |
| वडा सदस्य ,, — १३ | श्री खुमानन्द रावत | [signature] | [signature] |
| ,, — ,, — १३ | श्री हिकमत वली | [signature] | [signature] |
| ,, — ,, — १३ | श्री मुना बुढाथोकी | मुना | मुना |
| ,, — ,, — १३ | श्री कल्पना नेपाली | कल्पना | कल्पना |
| वडाध्यक्ष वडा नं. १४ | श्री प्रकाश पुन | [signature] | [signature] |
| वडा सदस्य ,, — ,, १४ | श्री चेतलाल वली | [signature] | [signature] |
| ,, — ,, — ,, १४ | श्री नीम बहादुर सार्की | [signature] | [signature] |
| ,, — ,, — ,, १४ | श्री चन्द्रावती बुढाथोकी | | |
| ,, — ,, — ,, १४ | श्री निर्मला कामी | निर्मला | निर्मला |
| वडाध्यक्ष वडा नं. १५ | श्री लोकमान बुढाथोकी | [signature] ,, | [signature] ,, |
| वडा सदस्य ,, — ,, १५ | श्री छकुलाल रावल | [signature] | [signature] |
| ,, — ,, — १५ | श्री मोहन आउजी | [signature] | [signature] |
| ,, — ,, — १५ | श्री सुनिता भारती नाथ | | |
| ,, — ,, — १५ | श्री पार्वती वि.क. | पार्वती | पार्वती |
| नगर कार्यपालिका सदस्य | श्री प्राण कुमार साई | [signature] | [signature] |
| ,, — ,, — ,, — | श्री दिपक विश्वकर्मा | [signature] | [signature] |
| ,, — ,, — ,, — | श्री गोमा पोखरेल | [signature] | [signature] |
| सचिव | श्री ओम प्रकाश देवकोटा | [signature] | [signature] |

| पद | कर्मचारीको नाम थर | मिति २०८०/०८/२८ | मिति २०८०/०८/२९ |
|---|---|---|---|
| १) अधिकृत स्तरौं | श्री लिलाधर ववात | | |
| २) अधिकृत छैठौं | श्री केशव बहादुर बुढाथोकी | [signature] | [signature] |
| ३) लेखापाल | श्री श्याम कु० सिंह | [signature] | [signature] |
| ४) प्र.स.ना. | श्री चन्द्र प्रसाद शर्मा | [signature] | [signature] |
| ५) सि.अ.मि. | श्री पूर्ण बहादुर राना | [signature] | [signature] |
| ६) नामित | श्री केशव सापकोटा | [signature] | [signature] |
| ७) का.स. | श्री कुमार बिष्ट | [signature] | [signature] |
| ८) सि.ई. | श्री नारायण चलाउने | [signature] | [signature] |
| ९) स.ई. | श्री सरस्वती थापा | Thapa | Thapa |
| १०) ह.स. | श्री कृष्ण बहादुर बली | [signature] | [signature] |
| ११) का.स. | श्री सामिक्षा बस्नेत | [signature] | [signature] |
| १२) का.स. | श्री गोपाल बहादुर बिष्ट | गोपाल | गोपाल |
| १३) क.स. | श्री राधिका खत्री रसाइली | राधिका | राधिका |
| १४) का.स. | श्री श्याम कुमार चौधरी | [signature] | [signature] |
| १५) का.स. | श्री प्रकाश चडी | [signature] | [signature] |
| १६) का.स. | श्री रेखा भण्डारी | Rekha | Rekha |
| १७) ह.प्र.अ. | श्री पन बहादुर बोहरा | [signature] | [signature] |
| १८) ह.स.ह. | श्री जुठे भण्डारी | [signature] | [signature] |
| १९) ह.पु. | श्री सन्तोष खाँड | [signature] | [signature] |
| २०) ह.पु. | श्री सन्तोष सिंह | [signature] | [signature] |
| २१) ह.पु. | श्री गणेश सेजवाल | गणेश | गणेश |
| २२) ह.स. | श्री प्रदिप रकेका | [signature] | [signature] |
| २३) ह.पु.ह. | श्री विक्रम शाह | [signature] | [signature] |
| २४) सिकर्मी | श्री ललित घर्ति | ललित | ललित |
| २५) ह.पु. | श्री अञ्जना के.सी | Anjana | Anjana |
| २६) " | श्री जीत बहादुर घर्ति | [signature] | [signature] |
| २७) EDF | श्री सरिता थापा | [signature] | [signature] |
| २८) प.अ. (स्वामी) | श्री मदन भण्डारी | [signature] | [signature] |
| २९) MRC | श्री सिमा विष्ट शाह | Aimg | Aimg |
| ३०) सामी (MRC) | श्री ओम कुमार बुनार | [signature] | [signature] |
| ३१) का.स. | श्री वीर बहादुर बुढाथोकी | [signature] | [signature] |
| ३२) डाक्टर प. | डा. जेनिना राई | [signature] | [signature] |

| | | | |
|---|---|---|---|
| ३३) इस्पोग संयोजक | श्री निर्मला बस्याल | | |
| ३४) अ. न. नि. | श्री अनुलक्ष्मी थापा | | |
| ३५) टे. अपरेटर | श्री मनिषा बस्नेत | | |
| ३६) पोषण सहजकर्ता | श्री निर्मला चन्द | | |
| ३७) कृषक सहजकर्ता | श्री निर्मला गिरी | | |
| ३८) [illegible] | श्री दिनेश चन्द | | |
| ३९) | रविन्द्र बिष्ट | | |
| ४०) सामाजिक परिचालक | रमिता सिंह | | |
| ४१) रुम नाईट/कुक | करुणा के सिंह | | |
| ४२) ~~[illegible]~~ सब-इन्जिनियर | विष्णु थापा | | |
| ४३) [illegible] | कैलाश चनारा | | |
| ४४) [illegible] | रञ्जना कुमारी उकाल्दी | | |
| ४५) सुरक्षा | उमा कुमारी उपाध्याय | | |
| ४६) सामाजिक परिचालक | विमला कु. डांगी | | |
| ४७) रोजगार संयो. | कमला लिम्बु | | |
| ४८) N.P (सामाजिक) प्र | अनिशा भण्डारी | | |
| ४९) स. प्रशासक | प्रेम भाम्की | | |
| ५०) इन्जिनियर | रवीन्द्र मल्ल | | |
| ५१) ~~[illegible]~~ | पवन देवि | | |
| ५२) अं. रे. | चन्द्र ब. गिरी | | |
| ५३) प्रशि अधिकृत | तिर्थ राज उपाध्याय | | |
| ५४) प. स्वा. प्रा. | मनिषा भुसाल | | |
| ५५) प्रेम मल्ल [illegible] | योग राज विश्वकर्मा | | |
| ५६) [illegible] | धर्मराज थापा | | |
| ५७) प्र. क. अ. | सरिता योगी | | |
| ५८) सि. अ. न. मी. | संगिता पौडेल | | |
| ५९) ना. प्रा. स. | नेत्रा खड्का | | |
| ६०) आर्थिक योजना | विमल गौतम | | |
| ६१) फिल्ड सहायक | सोनी सिंह | | |
| ६२) कम्प्युटर अपरेटर | सुनयन राई | | |
| ६३) ~~सुनिता उकाल्दी~~ | सुनिता उकाल्दी | | |
| ६४) कृ. अ. | पुनम राना | | |
| ६५) सि. क. म. | रेवां चन्द्र शर्मा | | |
| ६६) ~~[illegible]~~ | संगिता ववाल | | |
| ६७) ~~[illegible]~~ | सरिता कपर | | |
| इन्जिनियर | | | |

| क्र.सं. पद | नामथर | २०८१/३/२८ | ०८१/१/२९ |
| --- | --- | --- | --- |
| ~~५८~~ | ~~स. स्व. संयोजक~~ | ~~मधुसूदन उपाध्याय~~ | |
| ५८) स.स्व.प्रमुख | मधुसूदन उपाध्याय | [signature] | [signature] |
| ५९) ड्राइभर | सेवक केसी. | [signature] | [signature] |
| ६०) ह.ड्राइभर | लोकेन्द्र बस्नेत | [signature] | [signature] |
| ६१) सं० पाल्वो | होरिलाल भण्डारी | [signature] | [signature] |
| ६२) का. स. | सेवक शर्मा | [signature] | [signature] |

शारदा नगरपालिका

नगर सभाको १६औं अधिवेशन

बैठक संख्या नं. १ र २ | स्थान: सिलसिला हल | मिति २०८१/०९/२८ गते

समय: बिहान ११ बजे

प्रस्तावहरु:

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८१/८२ को आर्थिक ऐनमा संसोधन सहित राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
३. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. विधायन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार अनुमोदन सम्बन्धमा ।
८. कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
९. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
१०. योजना संसोधन तथा रकमान्तर सम्बन्धमा ।
११. संघ तथा प्रदेश सरकारलाई माग गर्ने योजना विवरण अनुमोदन सम्बन्धमा ।
१२. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको अद्यावधिक विवरणको जानकारी सम्बन्धमा ।
१३. महालेखा परीक्षकको कार्यालयको आ. व. २०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
१४. विशेष अनुदान तर्फको कार्यक्रम बाँडफाँड अनुमोदन सम्बन्धमा ।
१५. अख्तियारी सम्बन्धमा ।
१६. विविध ।

प्रकाश भण्डारी
नगर प्रमुख

शारदा नगरपालिका

नगर सभाको १६औं अधिवेशन

बैठक संख्या नं. १ र २ | स्थान: सिनस हल | मिति २०८२/०१/२८ गते

समय: विहान ११ बजे

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०८१/८२ को आर्थिक ऐनमा संसोधन सहित राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
३. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
४. सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
५. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
६. विधायन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
७. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार अनुमोदन सम्बन्धमा।
८. कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा।
९. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।
१०. योजना संसोधन तथा रकमान्तर सम्बन्धमा।
११. संघ तथा प्रदेश सरकारलाई माग गर्ने योजना विवरण अनुमोदन सम्बन्धमा।
१२. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको अद्यावधिक विवरणको जानकारी सम्बन्धमा।
१३. महालेखा परीक्षकको कार्यालयको आ. व. २०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
१४. विशेष अनुदान तर्फको कार्यक्रम बाँडफाँड अनुमोदन सम्बन्धमा।
१५. अख्तियारी सम्बन्धमा।
१६. विविध।

प्रकाश भण्डारी
नगर प्रमुख

निर्णय नं. १

शारदा नगरपालिकाको नगर सभाको १५औं अधिवेशनले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं. २

आर्थिक ऐन, २०८१ मा केही राजश्वका दरहरु हेरफेर र केही नयाँ दरहरु थप गर्ने गरी यस नगरपालिकाका उप प्रमुख तथा राजश्व परामर्श समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची १ बमोजिमको प्रतिवेदनमा नगर सभाबाट प्राप्त सुझाव सहित अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

यस नगरपालिकाका उप प्रमुख तथा न्यायिक समितिका संयोजक सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको अनुसूची २ बमोजिमको न्यायिक समितिको आ. व. २०८१/८२ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४

वडा नं २ का वडा अध्यक्ष एवं सुशासन तथा स्थानीय सेवा समितिका संयोजक श्री सबिन समालले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको सुशासन तथा स्थानीय सेवा समितिको आ. व. २०८१/८२ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

वडा नं १२ का वडा अध्यक्ष एवं अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक श्री सुरेन्द्र बुढाले पेश गर्नु भएको अनुसूची ४ बमोजिमको अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८१/८२ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

वडा नं ९ का अध्यक्ष तथा विधायन समितिका संयोजक श्री हेमेन्द्र कुमार बुढाथोकीले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको विधायन समितिको आ. व. २०८१/८२ को प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन निर्णय गरियो।

निर्णय नं. ७

कार्यपालिकाको मिति २०८१/०९/२६ को बैठकबाट स्वीकृत भई सभामा पेश हुन आएको आ.व. २०८०/०८१ को प्रारम्भिक रुपमा प्राप्त स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार ९३ का सम्बन्धमा छलफल गरी अनुमोदन गरियो। साथै आगामी वर्षमा उच्च अङ्क प्राप्तीका लागि तदारुकताका साथ कार्यसम्पादन गर्न नगर सभाले कार्य वातावरण उपयुक्त बनाउने प्रतिवद्धता व्यक्त गरियो।

निर्णय नं. ८

यस नगरपालिकाको आ. व. २०८१/८२ मा बसेका नगर कार्यपालिकाका बैठक नं ३४ देखि ४९ सम्मका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ९

यस नगरपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा २०८१ माघ १ गते देखि २०८२ असार मसान्तसम्मका लागि करार सम्झौताको कार्य प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १०

यस नगरपालिकाको नगर सभाको १५औं अधिवेशनबाट स्वीकृत कार्यक्रमको आवश्यकताका आधारमा अनुसूची ६ बमोजिम योजनाको संसोधन तथा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. ११

आ. व. २०८२/८३ का लागि यस नगरपालिकाको विकास र समृद्धिमा टेवा पुग्ने अनुसूची ७ बमोजिमका योजना तथा कार्यक्रम संघ तथा प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो।

प्रकाश भण्डारी
नगर प्रमुख

निर्णय नं. १२

यस शारदा नगरपालिकाको जिम्मेवारीमा रहेको तथा सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, नहर, व्यवसायको अनुसूची ८ बमोजिमको अद्यावधिक विवरण सहितको जानकारी नगरसभालाई गराइयो।

निर्णय नं. १३

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक प्रतिवेदन उपर छलफल भई यसमा उल्लेख भएका बेरुजुका विषयहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिमा छलफल गरी पेश हुन आएको प्रतिवेदन अनुमोदन गर्नका साथै बेरुजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १४

नेपाल सरकारबाट यस शारदा नगरपालिकालाई आर्थिक वर्ष २०८१/८२ का लागि विशेष अनुदान तर्फ प्राप्त अनुदानलाई तपसील अनुसार बाँडफाड गरेको मिति २०८१/०५/१५ गतेको कार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

| सि. नं. | क्रियाकलापहरु | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | टिपर खरिद | ५३ लाख | |
| २ | डम्पिङ्ग साइटमा अलग अलग खण्ड निर्माण | २० लाख | |
| ३ | फोहरमैला व्यवस्थापन तथा सरसफाई खर्च | २० लाख | |
| ४ | डम्पिङ्ग साइट जाने बाटोमा पर्खाल निर्माण | १० लाख | |
| ५ | अभिमुखीकरण/प्रचार प्रसार र जनचेतनामूलक कार्यक्रम | ५ लाख | |
| ६ | हरित शहर निर्माण | १० लाख | |
| ७ | सुरक्षा सामाग्री खरिद | ५ लाख | |
| ८ | डम्पिङ्ग साइटको विस्तृत परियोजना प्रतिवेदन (DPR) र संक्षिप्त वातावरणीय मूल्यांकन प्रतिवेदन (IEE) तयार | १७ लाख | |
| ९ | प्लाष्टिक झोला प्रतिस्थापनका लागि कपडाको झोला वितरण कार्यक्रम | ३ लाख | |
| १० | फोहर फाल्न सक्ने अवैधानिक क्षेत्र तथा डम्पिङ्ग क्षेत्रमा CC Camera जडान | ५ लाख | |
| ११ | श्रीनगर तथा खलंगा बजारका नाला सरसफाई | २ लाख | |

निर्णय नं. १५

यस नगर सभा पश्चात कुनै योजना तथा कार्यक्रम आवश्यकताका आधारमा संसोधन वा रकमान्तर गर्नु परेमा र कुनै पनि श्रोतबाट नगरपालिकालाई आम्दानी प्राप्त भएमा नगर प्रमुख मार्फत प्रमुख प्रशासकीय अधिकृतले रकमान्तर तथा आय संशोधन गर्न सक्ने गरी नगर सभाबाट अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. १६

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(१) नगरपालिकाको काम कारवाही, सार्वजनिक सेवा प्रवाह, सुशासन प्रवर्द्धन, विकास निर्माण तथा कानून निर्माण एवं कार्यान्वयनमा क्रियाशील कर्मचारी, कानूनको परिपालना सहित सहकार्य गर्ने नागरिक, विकास साझेदार तथा हरदम सुझाव प्रदान गरी नगरपालिकाको विकास समृद्धिमा टेवा पुर्‍याउने सम्पूर्णमा आभार प्रकट गर्ने।

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-१

(निर्णय नं २ सँग सम्बन्धित)
शारदा नगरपालिका
खलंगा, सल्यान
नगर सभाको १६ औं अधिवेशन
मितिः २०८१/०९/२८

**राजश्व परामर्श समितिको आ. व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन**

१. **पृष्ठभूमिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। यस शारदानगरपालिकाको आयको अनुमान तथा राजश्वको दायरा फराकिलो पारी नगरपालिकाको कुल आम्दानी बढाउने उद्देश्यका साथ नगर सभाबाट राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। पालिकाको आयलाई अनुमान गरी योजना तर्जुमा तथा खर्चको योजना तयार गर्न सहज हुने हेतु राजश्व परामर्श समितिको गठन भएको हुन्छ।

२. **समितिको कार्यक्षेत्रः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु यस समितिको कार्यक्षेत्र हुन।

३. **समिति गठनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिमको कार्यहरु गर्ने गरी राजश्व परामर्श समितिको गठन गरिएको हुन्छ। नगर उप प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी गठन गरिएको छ।

| | |
|---|---|
| १. नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत ओम प्रकाश देवकोटा | सदस्य |
| ३. कार्यपालिका सदस्य श्री प्राण कुमार गर्ती | सदस्य |
| ४. कार्यपालिका सदस्य श्री रत्ना थापा | सदस्य |
| ५. अध्यक्ष, सल्यान उद्योग वाणिज्य संघ श्री विरेन्द्र प्रसाद श्रेष्ठ | सदस्य |
| ६. अध्यक्ष, घरेलु उद्योग महासंघ सल्यान श्री प्रेम बहादुर डाँगी ९८५७८४७५५५ | सदस्य |
| ७. राजश्व शाखा प्रमुख श्री हरिभक्त भण्डारी | सदस्य सचिव |

**४. समितिले हालसम्म प्राप्त गरेका उपलब्धीहरु**

१. आर्थिक वर्ष ०८२/८३ का लागि आन्तरिक आयको अनुमान गर्ने कार्य गरेको।

२. त्यसै गरी आगामी २ आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य गरेको।

३. चालु आ.व. ०८१/८२ को आय अनुमान संशोधन गर्ने कार्य गरेको।

४. करको दररेट हेरफेर गर्ने कार्य गरेको।

**५. कार्य सम्पन्न गर्दा आइपरेका समस्या/चुनौती**

१. आन्तरिक आम्दानीका श्रोतहरुबाट हुने आम्दानी अनुमान गर्न कठिन रहेका कारण अनुमान यथार्थ परक बन्न नसकेको।

२. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाडफाँड बाट प्राप्त हुने रकम समेत प्रक्षेपण गरे बमोजिमको रकम प्राप्त हुन नसक्दा अनुमान र वास्तविकता बीच तालमेल नदेखिएको।

**६. आर्थिक ऐन, २०८१ मा गर्नु पर्ने संशोधन प्रस्तावः**

प्रकाश भण्डारी

अनुसूची ९

(ऐनको दफा ५ संग सम्बन्धित)

बहाल बिटौरी कर

| सि नं | भएको व्यवस्था | | हुनु पर्ने व्यवस्था | | संशोधन गर्नुका कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | शीर्षक | दर | शीर्षक | दर | | |
| सि नं ४६ सम्म व्यवस्था नभएको तपसिल अनुसार थप गर्नु पर्ने | | | | | | |
| १ | ऐलानी जग्गामा बनेको घरको ५ कोठा सम्मको रकम | ३००। | व्यवस्था नभएको | ३००। | थप गर्नु पर्ने | |
| २ | ५ कोठा देखि १० कोठा सम्म | ६००। | व्यवस्था भएको | ५००। | थप गर्नु पर्ने | |
| ३ | १० कोठा देखि १५ कोठा सम्म | ९००। | व्यवस्था नभएको | ९००। | थप गर्नु पर्ने | |
| ४ | १५ कोठा भन्दा माथि | १२००। | व्यवस्था नभएको | १२००। | थप गर्नु पर्ने | |
| ५ | कच्ची घरको | २५०। | व्यवस्था नभएको | २५०। | थप गर्नु पर्ने | |
| ६ | सुठो | ००।७५ | व्यवस्था भएको | १।५० | दरमा थप गरिएको | |
| ७ | अदुवा | ००।३० | व्यवस्था भएको | ००।५०० | दरमा थप गरिएको | |
| ८ | मदिरा सिसि बोतोल | ००।१० | व्यवस्था भएको | ००।५० | थप [illegible] | |
| ९ | फलाम वा फला जन्ने पदार्थ तामा पित्तल आ[illegible]मोनियम र स्टिल | प्रति के १ .जी. | व्यवस्था नभएको | १ | थप गर्नुपर्ने | |
| १० | पलास्टिक जन्य पदार्थ | ००।१० | व्यवस्था नभएको | ००।५० | थप गर्नुपर्ने | |
| ११ | कागज जन्य पदार्थ | ००।१० | व्यवस्था नभएको | ००।५० | थप गर्नुपर्ने | |

७.निष्कर्ष

[illegible] परामर्श समितिले गर्ने आन्तरिक आयको अनुमान अध्ययन अनुसन्धान गरी यथार्थपरक बनाउन सकेमा नगरपालिकाले तयार गर्ने वार्षिक योजना तथा कार्यक्रमहरु समेत सञ्चालन गर्न यसले सहयोग गर्ने देखिन्छ।

प्रतिवेदक:

सुस्मिता सापकोटा सुनार

संयोजक- राजश्व परामर्श समिति

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-२

(निर्णय नं ३ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६ औं अधिवेशन (मिति: २०८०/०९/२८)

**न्यायिक समितिको आ.व.२०८१/८२ अर्धवार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत नगरसभा सदस्य ज्यूहरु, शारदा नगरपालिका अन्तरगत कार्यरत सरोकारवाला आज मिति २०८०/०९/२८ गतेका दिन सुरु हुन गइरहेको यस शारदा नगरपालिकाको नगरसभाको १६ औं अधिवेशनमा न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन शाखा न्यायिक समितिको २०८१/८२ को अर्धवार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**समितिको कार्यक्षेत्र**:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम रहेको छ ।

**समिति पदाधिकारीहरुको नामावली निम्न बमोजिम छ ।**

१. श्री सुस्मिता सापकोटा - संयोजक
२. श्री लिला बहादुर रोका - सदस्य
३. श्री पुष्पा नेपाली - सदस्य
४. श्री दिलमाया राना क्षेत्री -उजुरी प्रशासक

न्यायिक समितिको कामकारबाहि सम्पादन गर्नको निम्ति निर्माण भएका कानूनहरु:

१. न्यायिक समिति कार्यसम्पादन ऐन, २०८०
२. न्यायिक समितिको न्याय सम्पादन निर्देशिका,२०८१
३. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८१

<u>सम्पादित कार्यहरु:</u>

न्यायिक समितिले आ.व. २०८१।०८२ को प्रथम अर्धवार्षिक (२०८१ साउन देखि २०८१ पौष मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरु:

| गत बर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८०/८१ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला अदालतमा सिफारिस गरिएका निवेदन संख्या | तामेली/दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ७ | ९ | १० | १ | ० | ४ | १ |

**कार्यसम्पादनको क्रममा न्यायिक समितिका सबल पक्ष:**

१. स्थानीय स्तरमै दुई पक्षबीचको छलफलबाट विवाद समाधान हुने भएकोले पक्ष र विपक्षको लागत समय र रकम बचत भएको,
२. विवाद समाधान पश्चात दुई पक्षबीच मनमुटाव र वैरभावको विचार हटि आपसि सुसम्बन्ध कायम गर्न तर्फ प्रेरित भएको.

**कार्य सम्पादन गर्दा देखिएका समस्या /चुनौती:-**

१. तोकिएको मिति र समयमा पक्ष विपक्ष उपस्थित नभैदिनु ।
२. पक्षले निवेदन दिँदा न्यायिक समितिबाट निरुपण गर्न सकिने र मिलापत्र गराउन सकिने स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७ (१) र ४७ (२) भन्दा बाहिरको मुद्दा आउनाले सेवाग्राहीलाई सम्झाइ बुझाई गर्न गाह्रो भएको ।
३. पक्षले निवेदन दिँदा विपक्षको सम्पर्क नं. र सहि ठेगाना उल्लेख नगर्दा चिठ्ठी बुझाउन गाह्रो भएको ।



प्रकाश भण्डारी
नगर प्रमुख

४. पारीवारिक बेमेल तथा असन्तुष्टि सम्बन्धि उजुरीको सम्झाइ बुझाइ गर्न गाह्रो भएको।

५. प्राय विवाद माना चामल तथा खाना खर्च संग सम्बन्धि आउने भएका कारण माना चामल के कति बारे बिवादै समाधानमा कानूनी अल्झन भएको।

**विवाद समाधान गर्दा अवलम्न गरिएका उपायहरु:-**

१. विवाद तथा उजुरी व्यवस्थापनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ मा भएको न्यायीक कार्य सम्बन्धि व्यवस्थाको अवलम्बन गरीएको

२. आलीसाँधी विवादमा सम्वन्धित ठाउँमै गएर छलफल गराएको।

३. न्यायिक समितिबाट निरुपण र मिलापत्र गर्न नमिल्ने मुद्दाको बिषयमा सेवाग्राहीलाई सम्झाई बुझाई अन्यत्र तर्फबाट कानूनी उपचार गर्न सल्लाह दिएको।

४. पक्षलाई निवेदन गर्दा बिपक्षको नाम ठेगाना सम्पर्क नं. र बिषय वस्तु प्रष्ट शब्दमा लेखि ल्याउन सल्लाह दिएको।

**सुधार गर्नुपर्ने पक्षहरु:**

१. न्यायिक समिति सचिवालयमा दर्ता हुन आउने उजुरी व्यवस्थापनलाई सफ्टवेयर पद्धतिमा लैजानुपर्ने.

२. नगरपालिकामा छुट्टै न्यायीक ईजलासको व्यवस्था गरिनुपर्ने.

३. प्रत्येक वडामा मेलमिलाप कर्ताहरु सुचीकृत गरी वडा स्तरी विवादको समाधान तर्फ ध्यान दिनुपर्ने.

४. कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने.

५. मेलमिलाप केन्द्रको व्यवस्था गरिनुपर्ने

६. कानून विज्ञ तथा ज्ञातालाई परामर्शदाताको रुपमा नगरपालिकामा व्यवस्थापन गर्नुपर्ने।

निष्कर्ष:-

आदरणीय नगर सभा अध्यक्ष ज्यू तथा नगर सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित विभिन्न अल्झनका बावजुद पनि यस शारदा नगरपालिका अन्तर्गतको न्यायिक समितिले निरन्तर न्याय सम्पादन गरिरहेको छ। यस प्रक्रियालाई चुस्त दुरुस्त बनाउनाका निमित्त सफ्टवेयर प्रणाली संचालनमा ल्याउनुका साथै वडास्तरिय मेलमिलाप कर्ता र न्याय सेवासंग सम्बन्धित कर्मचारी समेतको व्यवस्थापन गरी आवश्यक क्षमता अभिवृद्धि तालिम संचालन गरिगराई कार्यसम्पादन गराएमा प्रभावकारी हुने थियो की भन्ने आशय राख्न चाहान्छु।

धन्यवाद ।।

प्रतिवेदक
सुस्मिता सराकोटा सुनार
संयोजक- न्यायिक समिति

प्रकाश भण्डारी
नगर प्रमुख

अनुसूची-३

(निर्णय नं ४ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६ औं अधिवेशन

मिति: २०८१/०९/२८

सुशासन तथा स्थानीय सेवा समिति आ.व.२०८१/८२ अर्धवार्षिक प्रतिवेदन

**पृष्ठभूमि**: कार्यपालिकालाई **सभामार्फत** जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय सुशासन तथा स्थानीय सेवा समिति गठन गरेको छ।

**समितिको कार्यक्षेत्र**: कर्मचारी प्रशासन, प्रदान गरिने सेवाको स्तर, सेवाको सञ्चालन, सार्वजनिक सेवा प्रवाह र आयोजना सञ्चालन जस्ता विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ।

समितिका पदाधिकारीहरुको नामावली:

| | |
|---|---|
| १. वार्ड नं. २ का अध्यक्ष श्री सविन हमाल | -संयोजक |
| २. वार्ड नं. ३ का सदस्य श्री मधुदास श्रेष्ठ | -सदस्य |
| ३. वार्ड नं. १५ का सदस्य श्री ढकलाल रावत | -सदस्य |
| ४. वार्ड नं. १४ का सदस्य श्री चन्द्रावती बढाथोकी | -सदस्य |
| ५. वार्ड नं. १२ का सदस्य श्री बालाराम वली | -सदस्य |

शारदा नगरपालिका नगर कार्यपालिकाको सुशासन तथा स्थानीय सेवा समितिका संयोजक तथा वडा नं. २ का वडा अध्यक्ष श्री सविन हमाल ज्यूको अध्यक्षता मिति २०८१/०९/२१ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नलिखित निर्णयहरु गरी निर्णय कार्यान्वयन गरिएको छ।

1. शारदा नगरपालिकाको आयोजनामा नगरपालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखाका शाखा प्रमुख, सबै वडाका वडा सचिव लगायत सबै सरोकारवाला बीच आ-आफ्नो क्षेत्रबाट विभिन्न क्षेत्रमा गरिने दैनिक सेवा प्रवाहका कार्यहरुलाई कानून बमोजिम अनुशासित मर्यादित तरिकाले सेवाग्राहीहरुलाई सहज हुने गरी छिटोछरितो पारदर्शिताका साथ सबैले जिम्मेवारी बोध गरी प्रभावकारी कर्तव्यपालन गर्न गराउनका लागि माघ महिनाको अन्तिम सम्ममा अन्तरक्रिया कार्यक्रम संचालनमा ल्याउने निर्णय भएको छ।
2. यस नगरपालिका अन्तर्गत संचालनमा रहेका सम्पूर्ण पेशा व्यवसायहरुलाई दर्ता तथा नवीकरण गराउनको लागि सूचना जारी गर्ने र दर्ता नवीकरण नगर्ने पेशा व्यवसायहरुलाई कारवाही गर्ने निर्णय भए बमोजिम कति पेशा व्यवसायहरुले दर्ता नवीकरण गरेको पाईएको छ।
3. नगरपालिकामा कार्यरत शाखा प्रमुख लगायत अन्य कर्मचारीहरुलाई आफु कार्यरत क्षेत्रमा दक्षताका साथ कार्यसम्पादन गर्न र ऐन कानूनका विषयमा समेत जानकारी लिन कर्मचारीहरुको क्षमता विकास तालिम संचालन गर्ने भनि निर्णय भएको भएको थियो।
4. यस नगरपालिका अन्तर्गत कर्मचारी संघ, संस्था, उपभोक्ता समिति र व्यवसायीहरुका नाममा राखिई आएका बेरुजु फछ्यौट गर्न र उपरान्त त्यस्ता खालका बेरुजुलाई नियन्त्रण गर्न सम्बन्धित सबैले महत्वपूर्ण सहयोग गर्ने भनी निर्णय भएको थियो।

प्रकाश भण्डारी

नगर प्रमुख

५. नगरपालिकाबाट दिईने भुक्तानि लगाएतका सेवाका सन्दर्भमा छीटो छरितो गराउनको लागि टोकन प्रणाली लागु गराउने निर्णय भएको छ।

६. सामाजिक सुरक्षा लगायतका सेवा प्रवाहमा व्यापक सुधार गरी सामाजिक सुरक्षा लगायतका सेवामा बैकिङ्ग तथा घुम्ति सिविर संचालन गरी सेवाप्रवाह गर्ने निर्णय भएको र उक्त निर्णय प्रयोगमा आएको छ।

७. नगरपालिकाबाट प्रभात्र गरीने सम्पूर्ण सूचनाहरुलाई सही समयमा सजकतापूर्वक प्रवाह गर्ने निर्णय भएको छ।

८. नगरपालिका अन्तरगत पालिकाका नाउँमा रहेका सामग्रीहरुको जिन्सी प्रतिवेदनका आधारमा बेसावुत तथा लिलामि गर्नुपर्ने सर-सामानहरुको लिलाम विक्रि प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय भएको छ।

प्रकाश भण्डारी
नगर प्रमुख

संयोजक:
सचिन हमाल
सुशासन तथा स्थानीय सेवा समिति

अनुसूची-४

(निर्णय नं ५ संग सम्बन्धित)

शारदा नगरपालिका

खलंगा, सल्यान

नगर सभाको १६ औं अधिवेशन

मिति: २०८१/०५/२८

अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८१/८२ को अर्धवार्षिक प्रतिवेदन

**पृष्ठभूमि:**

नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरियता र नियमितताको चेकजाँच गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यो समिति गठन भएको हो।

**समितिको कार्यक्षेत्र**

नगरपालिकाको सार्वजनिक लेखासंग सम्बन्धित प्रचलित ऐन कानुनहरुको परिपालनाको अवस्थाको चेकजाँच गरी स्थानीय सरकारबाट प्रवाहहुने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन, निर्देशन तथा सल्लाह सुझावहरु दिनु समितिको प्रमुख कार्य हो।

(१) राजश्व र करका दरहरु बमोजिम कर संकलनको अवस्था अनुगमन गर्ने,

(२) विभिन्न योजना कार्यान्वयनको अवस्थामा खरिद लगायतका विषयमा हुने र हुनसक्ने अनियमितता र बेरुजुका बारेमा अनुगमन तथा पृष्ठपोषण गर्ने,

(३) लेखा राख्दा ऐन नियमको परिपालना गरे नगरेको चेकजाँच गर्ने,

(४) कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु नियमसंगत रहे नरहेको ऐकिन गरी आवश्यक सल्लाह सुझाव दिने,

(५) महालेखा परीक्षक र आन्तरिक लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफल गर्ने र बेरुजुको घटाउने उपायहरु अवलम्बन गर्ने,

(६) सभाले तोकेका अन्य थप कार्यहरु गर्ने।

**समिति गठन**

कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम नगरसभाले नगरपालिकामा उपस्थित दलिय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा नगरपालिकाको लागि बढीमा संयोजक सहित ५ सदस्यीय अर्थ तथा सार्वजनिक लेखा समिति गठन गर्नेछ। समितिको संयोजक र सदस्यहरुको चयन नगर सभाको निर्वाचनबाट गर्नेछ। समितिका सदस्यहरुको नामावली देहाय अनुसार रहेका छन:

| | | |
|---|---|---|
| १. | वार्ड नं. १२ का अध्यक्ष श्री सुरेन्द्र बुढा | -संयोजक |
| २. | वार्ड नं. ५ का सदस्य श्री कुल बहादुर रेउले | -सदस्य |
| ३. | वार्ड नं. ४ का सदस्य श्री सुकलाल रोका | -सदस्य |
| ४. | वार्ड नं. ९ का सदस्य श्री बेलधर बुढा | -सदस्य |
| ५. | वार्ड नं. ११ का सदस्य श्री लोक कुमारी कवर | -सदस्य |

**हाल सम्म गरेका कार्यहरु**

यस समितिले आर्थिक वर्ष ०८०/८१ को हाल सम्म सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन।

प्रकाश भण्डारी
नगर प्रमुख

१. यस शारदानगरपालिकाको आ.व.०७३/७४ देखि आ.व. ०७८/७९ सम्म औल्याएका बेरुजुहरु फछ्र्यौटका लागि छलफल निरन्तर रुपमा गर्दै आइरहेको ।

२. यस नगरपालिकाको नगरसभाको १५औं अधिवेशनबाट नियमित गरिएका बेरुजुहरु फछ्र्यौटका लागि मिति २०८१/०९/१९ गते समितिको बैठक बसी NAMS मा प्रविष्टी गर्ने निर्णय गरिएको ।

३. कार्यालयबाट सञ्चालन भएका विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्ने गरिएको ।

४. आ.व. ०८०/८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा मिति २०८१/०१/१९ गतेका दिन यस समितिको बैठक बसी लेखा परीक्षणबाट औल्याएका बेरुजु सम्बन्धमा बेरुजु फच्छर्यौटका लागि सम्बन्धित व्यक्ति, संस्था, फर्म, कम्पनी तथा शाखाहरुलाई पत्राचार गर्ने निर्णय गरिएको ।

५. आ.व.०८०/८१ को बेरुजु फच्छयौटको लागी NAMS मा प्रबिष्ट गरेर महालेखा परीक्षकको कार्यालयमा पेश गरेकोमा सबै बेरुजु प्रतिक्रियाबाट फच्छयौट नभएको हुँदा नगरसभाबाट नियमित गर्नका लागि पेश गर्न कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो साथै बेरुजु फच्यौटका लागि आवश्यक कागजातहरुको तयारी गर्ने कार्य गरियो ।

कार्य सम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरु

-आवश्यक कागजात तथा प्रमाणहरुको संकलन गर्दा समयमै कागजातहरु प्राप्त नहुने

-बेरुजु फच्छयौटका लागी महालेखा परिक्षकको कार्यालयमा आवश्यक कागजातहरु सहित पत्राचार गरेको आवश्यक समन्वय नगरेको

-फच्छयौट गर्नु पर्ने बेरुजु समेत मलेप बाट फच्छयौट समयमै नगरिएको

-नयाँ प्रणालीमा रहेको त्रुटीका कारण समेत बेरजु फच्छयौटका लागि केही दफाको बेरुजुको विवरण प्रबिष्ट गर्न नसकिएको

-प्रमाण पेश गर्न पत्राचार गरेको निकै कम व्यक्ती निकाय फर्म वा संस्थाबाट मात्र प्रतिक्रिया प्राप्त भएको

-अनुगमन कार्य प्रभावकारी ढंगले अगाडि बढाउन नसकिएको

निष्कर्ष

अर्थ तथा सार्वजनिक लेखा समितिले आफ्ना कार्यहरु संचालन गर्दा केही समस्या चुनौतीहरु देखिएता पनि समस्याहरुलाई समाधान गरी समितिले गर्नु पर्ने कार्यहरु पूर्णरुपमा गर्न सकेमा यसले शारदा नगरपालिकाले प्रवाह गर्ने सेवा तथा विकास निर्माण सम्बन्धि कार्यहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग गर्ने देखिन्छ ।

प्रकाश भण्डारी
नगर प्रमुख

प्रतिवेदक
सुरेन्द्र बुढा
संयोजक- अर्थ तथा सार्वजनिक लेखा समिति

अनुसूची-५
(निर्णय नं ६ संग सम्बन्धित)
शारदा नगरपालिका
खलंगा, सल्यान
नगरसभाको १६ औं अधिवेशन मिति २०८१।०९।२८
विधायन समितिको आ.व. २०८१।०८२ को अर्धवार्षिक प्रतिवेदन

आदरणीय नगरसभा अध्यक्ष ज्यू,
एवं सम्पूर्ण सभा सदस्य ज्यूहरू

प्रस्तुत विषयमा यस शारदा नगरपालिकाका अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरूलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप, मर्यादित, सरल, सर्वसुलभ एवम् कानूनी प्रावधान अनुरुप संचालन गर्ने हेतुले यस नगरपालिकाको प्रत्येक कार्यपालिका बैठकबाट कानून निर्माण गर्ने, परिमार्जन गर्ने तथा बनाईएका कानूनको संशोधन गर्ने, कानून कार्यान्वयनको अवस्था सार्वजनिक गर्ने र आगामी असरबारे छलफल गर्ने गरिएको छ। आर्थिक वर्ष २०८१।०८२ को प्रथम अर्धवार्षिक अवधिमा नियमावली १ वटा, विनियमावली १ वटा, निर्देशिका १ वटा, कार्यविधि १० वटा र मापदण्ड १ वटा स्वीकृत गरेकोले सो अनुमोदनका लागि पनि सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु।

**समितिको कार्यक्षेत्र**

१. सभामा प्रस्तुत भई विधायन समितिमा पेश हुन आएका विधेयकहरूमा छलफल गर्ने।
२. कार्यपालिकाले स्वीकृत गरेका कानूनहरूको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्ने।
३. जनप्रतिनिधि तथा कर्मचारीका लागि कानूनी साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।

**समितिका पदाधिकारीहरुको नामावली:**

| | |
|---|---|
| १. वार्ड नं. ९ का अध्यक्ष श्री हेमेन्द्र कुमार गुहाथोकी | -संयोजक |
| २. वार्ड नं. २ का सदस्य श्री रमा शर्मा | -सदस्य |
| ३. वार्ड नं. १५ का सदस्य श्री मोहन भण्डारी | -सदस्य |
| ४. वार्ड नं. ४ का सदस्य श्री सुरेश रावत | -सदस्य |
| ५. वार्ड नं. १० का सदस्य श्री ज्ञानेन्द्र कुमार कवर | -सदस्य |

२०८१ साउन देखि पौष मसान्त सम्म कार्यपालिकाबाट अनुमोदित कानूनहरु:
**स्वीकृत कानूनहरुको विवरण:**

१. शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१
२. त्रिभुवन जन माध्यमिक विद्यालय सञ्चालन एवं व्यवस्थापन विनियमावली, २०८१
३. शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि, २०८१
४. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८१
५. उपप्रमुख कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८१
६. कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८१
७. आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१
८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
९. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०८१
१०. व्यक्तिगत सरसफाई तथा हात स्वच्छता सम्बन्धी कार्यविधि, २०८१
११. खुल्ला दिसामुक्त अवस्थाको दिगोपना सम्बन्धी कार्यविधि, २०८१
१२. विद्यालय खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि, २०८१
१३. शारदा नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८१
१४. शारदा नगरपालिका विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने मापदण्ड, २०८१



प्रकाश भण्डारी
नगर प्रमुख

कार्यपालिकाबाट स्वीकृत हुन बाँकी कानूनहरु:

१. शारदा नगरपालिका सामाजिक समावेशीकरण नीति २०८१
२. वसपार्क व्यवस्थापन कार्यविधि, २०८१
३. शारदा नगरपालिका यूवा नीति, २०८१
४. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८१
५. शारदा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१
६. बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१
७. शारदा नगरपालिका पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

यसरी नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समय-समयमा निर्माण भई कार्यान्वयन भईरहेको अवस्था छ। कतिपय कानूनहरु निर्माणको क्रममा विविध समस्या तथा चुनौतीहरु देखा परेको देखिन्छ। कानून निर्माण तथा परिपालनामा देखा परेका वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरु सामना गर्दै नगरपालिकाबाट चुस्त दुरुस्त सेवा प्रदान गर्नु अपरिहार्य छ।

**कानून निर्माणको सबल पक्ष:**

- समय समयमा नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माण भई कार्यान्वयन भएको,
- कामकारवाही तथा कार्यक्रमको संचालनको लागि प्रशस्त मार्ग प्रशस्त भएको,
- सम्बन्धित कामकारवाहीसंगको कानूनी रिक्तता हटेको,
- नगरपालिकाबाट प्रदान गरिने सेवा प्रति नागरिकको अपनत्व वृद्धि भएको

**कानून निर्माणको दुर्बल पक्ष:**

- कानून निर्माणमा जनप्रतिनिधिहरु र सरोकारवाला पक्षहरुसंग प्रयाप्त छलफलको कमि हुन,
- कानूनी ज्ञान तथा सचेतनाको कमि,
- कानून निर्माणसंग सम्बन्धित समितिहरुको अन्तरक्रिया तथा बहस बारे कम ध्यान जानु,
- कानूनी विज्ञ तथा परामर्शदाताको अभाव

**सुधार गर्नुपर्ने पक्षहरु:**

- कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
- कानून निर्माणको लागि आवश्यक पर्ने स्रोतसाधनको सम्बन्धमा नगरसभाले ध्यान दिनुपर्ने
- निर्माण भएका तथा स्वीकृत हुने कानून बारे व्यापक छलफल हुनुपर्ने,
- कानूनको परिपालना सम्बन्धमा समीक्षा हुनुपर्ने,
- कानून विज्ञ तथा ज्ञाताको परामर्श लिनुपर्ने।

**समग्रमा:** कानून निर्माणको क्रममा देखिने वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरुको सामना गर्दै नगरपालिकालाई आवश्यक पर्ने कानूनहरु समयमै निर्माण तथा संशोधन गरि कानूनहरु परिपालन गर्नु गराउनु र नगरपालिकाबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त बनाउन अपरिहार्य छ।

प्रतिवेदक:
हेमेन्द्र कुमार बुढाथोकी
संयोजक-विधायन समिति

प्रकाश भण्डारी
नगर प्रमुख